**सिद्धार्थनगर नगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः ६ बर्षः ६ संख्या : ५६ मितिः माघ २९ गते, २०७९**

**भाग- २**

## स-शुल्क निजि सवारी पार्किङ्ग स्थल संचालन मापदण्ड, २०७९

प्रस्तावना : शहरको अवधारणामा सार्वजनिक सेवामा पहुँच तथा नागरिकहरुले परिपालन गर्ने नियमको महत्वपूर्ण भुमिका रहन्छ । सवारी साधन जहाँसूकै जताभावी रुपमा पार्किङ्ग गर्ने विषयमा सिद्धार्थनगर नगरपालिकाले नागरिकहरुको संविधान प्रदत् अधिकार स्वन्त्रत भएर हिडडुल गर्न पाउने र सडकलाई कुनै पनि किसिमले अवरोध गर्न नपाउने विषयमा तथा यस नगरक्षेत्रमा रहेको सडकहरुमा सडकमा सवारी साधनको पार्किङ्गले गर्दा नागरिकहरुलाई परेको अवरोध तथा सो बाट उत्पन्न हुने सडक दुर्घटना, विद्यालय जाने स-साना विद्यार्थी, अशक्त तथा वृद्धहरुलाई सडकमा हिडडुल गर्न परेको अपठ्यारोको साथै व्यापार व्यवसायमा समेत परेको नकारात्मक प्रभावलाई न्युनिकरण गर्नका लागि सिद्धार्थनगर नगरपालिकामा स-शुल्क रुपमा सवारी पार्किङ्ग गर्नका लागि निजिक्षेत्रको सहभागितामा स-शुल्क रुपमा सवारी साधन पार्किङ्ग स्थान संचालन गर्नका लागि स्थानिय सरकार ऐन, १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी यो मापदण्ड जारी गरीएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

क. यस मापदण्डको नाम **स-शुल्क निजि सवारी पार्किङ्ग स्थल संचालन मापदण्ड, २०७९** रहेकोछ

ख. यो मापदण्ड स-शुल्क निजि सवारी पार्किङ्ग स्थल संचालनको लागि हुनेछ ।

ग. यो मापदण्ड सिद्धार्थनगर नगरकार्यपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषा- विषय वा प्रसंगले अर्को अर्थ नलागे यस मापदण्डमा

क. **"स-शुल्क सवारी पार्किङ्ग स्थल"** भन्नाले नगरपालिकाले सवारी साधन पार्किङ्गका लागि शुल्क लाग्ने भनि तोकिएको स्थान वा कुनै व्यक्ति वा संस्थाले आफ्नो नाममा रहेको जग्गा वा कुनै पनि व्यक्ति वा संस्थाको नाममा रहेको जग्गा भाडा वा लिजमा लिएर सवारी साधन पार्किङ्ग गर्न उपलब्ध गराई सो बापत शुल्क लिने कार्य गर्ने स्थानलाई स-शुल्क पार्किङ्ग स्थल भनि बुझ्नु पर्नेछ ।

ख. यो मापदण्ड सिद्धार्थनगर नगरपालिका नगरक्षेत्र भित्र लागु हुनेछ ।

ग. यो मापदण्ड पार्किङ्ग शुल्क लाग्ने भनि नगरकार्यपालिकाले तोकेको स्थानमा स-शुल्क तथा पार्किङ्ग स्थल संचालन गर्न चाहने व्यक्ति वा संघ/संस्थाहरुले उपलब्ध गराउने स्थानहरुका लागि लागू हुनेछ ।

**३. सवारी पार्किङ्ग स्थल संचालन भएपछि नगरवासीहरुलाई उपलब्ध हुने सूविधाहरु :**

क- खुला सडक - मूख्य बजारक्षेत्रको सडक पूर्णरुपमा खुला भए पश्चात समानहरु खरिद गर्न आउनेहरु मानिसहरुका लागि निर्वाधरुपमा हिडडूल गर्न पाँउने भई व्यापार व्यवसायमा वृद्धीहुने ।

ख- सडक दुर्घटनामा न्यूनिकरण हुने ।

ग- नगरको सौन्दर्यतामा वृद्धि हुने ।

घ- सडक सूचना पाटी/ट्राफिक चिन्हहरु देखिने ।

ङ- नगरक्षेत्रमा रहेका सडकहरु सरसफाईमा सहज हुने ।

च- व्यवसायका लागि उपर्युक्त स्थानको विकास हुने ।

छ- नगरको सडक सुरक्षीत रहने तथा सवारी साधन हराउने घटनामा कमि आउने ।

**४. पार्किङ्ग स्थल संचालन स्विकृत तथा नियमन समिति**

क. पार्किङ्ग स्थल संचालन स्विकृत तथा नियमनका लागि नगरप्रमुखज्युको संयोजकत्व निम्न अनुसारका सदस्य रहने गरि समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| अ- नगरप्रमुख | - | संयोजक |
| आ- उप प्रमुख | - | सदस्य |
| इ- प्रमुख प्रशासकिय अधिकृत | - | सदस्य |
| ई- नगरक्षेत्रमा रहेको व्यवसायीहरुको संस्थाका दुइजना प्रतिनिधी | - | सदस्य |
| उ- जिल्ला ट्राफिक प्रहरी कार्यालयका एक जना प्रतिनिधी | - | सदस्य |
| ऊ-सिद्धार्थनगर नगरपालिका राजश्व शाखाको प्रमुख | - | सदस्य सचिव |

५. नगरपालिकाले नगरक्षेत्रको सवारी आवागमनमा सडकमा सवारी साधन पार्किङ्ग गरी राख्दा सवारी आवागमनमा अवरोध हुने, सडकमा पार्किङ्गको कारण हुन सक्ने दुर्घटनालाई न्युनिकरण गर्ने उद्धेश्यले नगरको सडकहरुलाई पार्किङ्ग रहित बनाउनु पर्नेछ साथै बजार क्षेत्रमा रहेको स-साना सडकहरुलाई

एकतर्फि (ONE-WAY) को रुपमा समेत विकास गर्नुपर्नेछ । कुन-कुन क्षेत्रको सडकमा पार्किङ्ग गर्न नपाउने र कुन-कुन सडक एकतर्फि गर्ने यो सम्बन्धित सरोकारवालाहरु, सुरक्षा निकाय तथा ट्राफिक प्रहरीसँगको सहमतिमा नगरपालिकाले सुचित गर्नेछ ।पार्किङ्ग स्थानमा लाग्ने शुल्क पार्किङ्ग स्थल रहेको स्थान तथा उपलब्ध सेवाहरुका आधारमा लगाउनका लागि नगरपालिकाले अनुगमन गरि स्वीकृत प्रदान गर्नेछ।नगरपालिका/नगरकार्यपालिकामा सवारी साधन पार्किङ्ग व्यवस्थापनका लागि वर्ष भरि जुनसुकै समयमा प्रस्ताव पेश गर्न सकिनेछ र पेश हुन आएको प्रस्ताव उपर कार्यान्वयनका नगरपालिका/नगरकार्यपालिकामा लागि पेश गर्न सकिनेछ ।सडक पार्किङ्ग निषेध भएपछि सडक पार्किङ्गमा जरिवाना लाग्नेछ । जरिवानाको दर र संकलन गर्ने कार्य नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**६. स-शुल्क निजि सवारी पार्किङ्ग स्थल संचालनका लागि आवश्यक शर्तहरु :**

क. कुनै व्यक्ति वा संस्थाले सवारी पार्किङ्ग स्थल संचालन गर्न चाहेको स्थानलाई न्युनतम तिन वर्षका लागि उपलब्ध गराउनु पर्नेछ ।

ख. नगरपालिकाले सडक पार्किङ्ग निषेध गरेको क्षेत्रबाट सवारी पार्किङ्ग स्थल संचालन भएको स्थानसम्म जाने सूचना पाटी राख्ने कार्य संचालकको हुनेछ ।

ग. पार्किङ्ग व्यवस्थापन गर्ने व्यक्ति वा संस्था नियमानुसार फर्म दर्ता गरि मात्र व्यवसाय संचालन गर्नुपर्नेछ।फर्म संचालन गर्दा तिर्नुपर्ने कर दायित्व सम्पुर्ण चुक्ता गर्नु पर्नेछ ।

घ. भाडा, बहाल वा लिजमा लिएर संचालन हुने भए सोमा नियमानुसार बहाल कर बुझाउने दायित्व संचालकको हुनेछ ।

ङ. पार्किङ्ग स्थल संचालन गर्दा पार्किङ्ग स्थलमा दिईने सुविधा अनुसार पार्किङ्ग शुल्क दर कायम गर्न सकिनेछ ।

च. पार्किङ्ग बापतको शुल्क सहमतिका लागि नगरपालिकामा पेश गर्नुपर्नेछ ।

छ. पार्किङ्ग शुल्कको दर (घण्टा/दैनिक/मासिक/दिवा/रात्री) अनुसार सबैले देख्ने गरि पार्किङ्ग स्थलमा राख्नु पर्नेछ ।

ज. पार्किङ्ग स्थानको बनावटको (Lay-out) नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

झ. पार्किङ्ग स्थल निर्माणको जिम्मा संचालकको रहनेछ।

ञ. पार्किङ्ग स्थलमा पुरुष तथा महिला शौचालयको छुट्टा-छुट्टै व्यवस्था गर्नुपर्नेछ ।

ट. पार्किङ्ग स्थलको सुरक्षाका लागि आवश्यक व्यवस्था संचालकले गर्नु पर्नेछ।

ठ. न्युनतम चारचक्के सवारी साधन(कार,जिप,भ्यान ) बिस वटा र दुई चक्के (मोटर-साईकल जस्ता साधन)पचास वटा अटने स्थान (Space) हुनुपर्नेछ ।

आज्ञाले
नवराज पौडयाल

प्रमुख प्रशासिकय अधिकृत